नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सवारी क्षतिपुर्ति।

मि.नं.- ४९३ , दायर मिति-:२०७९-१२-२८

फैसला मिति-२०८०-०७-०२

वादी

सरोज प्रसाद यादवको जाहेरीले वादी नेपाल सरकार...........................................१

प्रतिवादी

जिल्ला पर्सा बहुदरमाई न.पा.६ गम्हरीया बस्ने बर्ष २९ को सन्तोषप्रसाद कुशवाहा-------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीले चलाएको ना.१३ प १९२५ नम्बरको मोटरसाईकलमा भुजाको बोरा बोकी आएको उक्त मोटरसाईकलले पछाडीबाट ठक्कर दिँदा सडकमा लडि गम्भिर घाईते भई विभिन्न अस्पतलामा उपचार गराउँदा खुट्टाले हिडडुल गर्न नसक्ने अवस्था भई अङ्ग भङ्ग भएको भन्ने सरोज प्रसाद यादवको जाहेरी दरखास्त।**

**२. मैले चलाएको ना.१३ प १९२५ नम्बरको मोटरसाईकलमा भुजाको बोरा बोकी गएको मेरो मोटरसाईकलले पछाडीबाट ठक्कर दिँदा सडकमा लडि गम्भिर घाईते भई विभिन्न अस्पतलामा उपचार गराउँदा खुट्टाले हिडडुल गर्न नसक्ने अवस्था भई अङ्ग भङ्ग भएको भन्ने प्रतिवादीले गरेको बयान कागज।**

**३. चलाएको ना.१३ प १९२५ नम्बरको मोटरसाईकलमा भुजाको बोरा बोकी आएको उक्त मोटरसाईकलले पछाडीबाट ठक्कर दिँदा सडकमा लडि गम्भिर घाईते भई विभिन्न अस्पतलामा उपचार गराउँदा खुट्टाले हिडडुल गर्न नसक्ने अवस्था भई अङ्ग भङ्ग भएकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका समेतको घटनाविवरण कागज।**

**४.प्रतिवादीलाई उपस्थित गराईदिन कारागार कार्यालय,पर्सालाई लेखिएको पत्र।**

## ठहर-खण्ड

**यसमा मिति २०७९।०७।०४ गते बेलुका अं. ६:३० बजेको समयमा जिल्ला पर्सा बहुदरमाई नगरपालिका वडा नं.२ पिपरास्थित सडकमा मैले चलाई पछाडि अनिता कुमारी सवार रहेको ना.४ प २८८८ नम्बरको मोटरसाईकललाई सोही दिशाबाट आउँदै गरेको सन्तोषप्रसाद कुशवाहाले चलाएको ना.१३ प १९२५ नम्बरको मोटरसाईकलमा भुजाको बोरा बोकी आएको उक्त मोटरसाईकलले पछाडीबाट ठक्कर दिँदा म जाहेरवाला सोही सडकमा लडि गम्भिर घाईते भई विभिन्न अस्पतलामा उपचार गराउँदा खुट्टाले हिडडुल गर्न नसक्ने अवस्था भई अङ्ग भङ्ग भएकोले कानून बमोजिम गरी उपचार खर्च समेत दिलाई भराई पाउँ भन्ने सरोज प्रसाद यादवको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) को (ख) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ को ४(क) बमोजिम प्रतिवादी सन्तोषप्रसाद कुशवाहाबाट क्षतिपुर्ति बमोजिम जम्मा रु  १,५४,३२०।- मृतकको नजिकको हक्दारलाई भरी भराई दिनु हुने ठहर्छ ।  अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) को (ख) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ को ४(क) बमोजिम प्रतिवादी सन्तोषप्रसाद कुशवाहा वाट बुझाउनु पर्ने क्षतिपुर्ति तथा क्रियाखर्च रकम जम्मा रु १,५४,३२०।-  (अक्षरेपी रु.एक लाख चौबन हजार तिन सय बिस) बादीलाई भरी भराई दिनका लागि असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु।-----------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत बीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु-----------------------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु।---------------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु।------------१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल कार्तिक महिना ०२ गते रोज ५ शुभम् ........................